# गोठलापानी बजार क्षेत्रमा कोभिड-१९ को सङ्क्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धी अनुगमनको प्रतिवेदन

## १.पृष्ठभूमीः

विश्वव्यापीरुपमा तिव्र गतिमा फैलिई मानव समुदायलाई आक्रान्त बनाएको कोभिड-१९ महामारीले बैतडी जिल्ला पनि प्रभावित बनेको छ । केही दिनयता जिल्लामा पुनः कोभिड-१९ संक्रमणको दरमा वृद्धि हुँदै गएको छ । विगत धेरै समयदेखि पूर्णरुपमा लकडाउन गरि हाले केहि खुकुलो बनाईएको लकडाउन पश्चात सार्वजनिक स्थलमा कोभिड-१९ को संक्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धीको वस्तुस्थिति बुझ्नु अपरिहार्य भएकोले गोठलापानी बजार क्षेत्रको अनुगमन कार्य सम्पन्न गरिएको हो । अनुगमन कार्य जिल्ला प्रशासन कार्यालयको अगुवाईमा स्थानिय तह, स्वास्थ्य कार्यालय र सुरक्षा निकायका प्रतिनिधिहरुसँगको सहकार्यमा भएको थियो । साथै अनुगमन सँगसँगै व्यापारी, सर्वसाधारण, चालक लगायत अन्य उच्च जोखिममा रहेका व्यक्तिहरुको एन्टिजिन परिक्षण गर्ने कार्य पनि सञ्चालन गरिएको थियो ।

## २.अनुगमनको विवरणः

जिल्लाको गोठलापानी बजार क्षेत्रमा कोभिड-१९ को संक्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धी अनुगमन गर्दा Random Sampling को विवरण देहाय बमोजिम रहेको छः-

| क्र.सं. | अनुगमनको विवरण | संख्या | स्वास्थ्य सुरक्षाका न्युनतम् मापदण्ड प्रयोग | | १५/१५ दिनमा Antigen/PCR परिक्षण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | गरेको | नगरेको | गरेको | नगरेको | |
| १ | व्यापार व्यवसायी | २७ | २३ | ४ | १ | २६ | |
| २ | एन्टीजिन परिक्षण | १४० | सबै नेगेटिभ | | | | |

- अनुगमनको क्रममा गोठलापानी बजार स्थित सम्पूर्ण व्यापारीको पसलमा गई अनुगमन गरेको भएपनि २७ जना व्यवसायीलाई स्याम्पलको रुपमा लिईएको थियो ।
- अनुगमनको क्रममा अधिकांश व्यवसायीले स्वास्थ्यका न्युनतम् मापदण्डको प्रयोग गरेको पाईएपनि केही व्यवसायीले पालना नगरेको पाईयो ।
- जिल्ला प्रशासन कार्यालयबाट जारी आदेशमा व्यापार व्यवसायी/यातायात सञ्चालकले अनिवार्यरुपमा १५/१५ दिनमा Antigen/PCR परिक्षण गर्नुपर्ने आदेश बमोजिम धेरैले पालना नगरेको पाईयो । Antigen/PCR परिक्षण नगराएका व्यवसायी/यातायात सञ्चालक र केही सर्वसाधारणको Antigen/PCR परिक्षण अनुगमन टोलीमा खटिएका स्वास्थ्य कार्यालयका कर्मचारीबाट गराउने काम गरियो ।

२०७८/४/१८

प्रसाशकीय अधिकृत

- अनुगमन कार्यबाट कोभिड-१९ संक्रमण बारे जनचेतना प्रदान गर्नुका साथै व्यापार व्यवसायी/यातायात सञ्चालकहरुले आउँदा दिनहरुमा अनिवार्यरुपमा १५/१५ दिनमा Antigen/PCR परिक्षण गर्नुपर्ने भनि सचेत गराईयो ।
- अनुगमनको क्रममा मास्क नलगाएका सर्वसाधारणलाई कोभिड-१९ संक्रमण र यसको जोखिमबारे अवगत गराई निशुल्क मास्क वितरण गर्ने कार्य गरियो ।

३. निष्कर्षः

कोभिड-१९ महामारीको उच्च जोखिममा रहेका व्यवसायी/यातायात सञ्चालक र अन्य व्यक्ति, समुदायलाई निरन्तररुपमा सचेत, सजग बनाउनु आवश्यक छ । अनुगमनका क्रममा Antigen/PCR परिक्षण गराईएका गोठलापानी बजार क्षेत्रका व्यापार व्यवसायी/यातायात सञ्चालकहरु सबैको रिपोर्ट नेगेटिभ आउनु सुखद् भएपनि विभिन्न निकायहरुसँगको सहकार्यमा जिल्लाका विभिन्न सार्वजनिक स्थलको समयसमयमा अनुगमन कार्य गर्नसके अहिले तिव्र गतिमा फैलिरहेको संक्रमणलाई केही हद् सम्म न्युनिकरण गर्न सकिन्छ ।

२०७८।४।१५

प्रसाशकीय अधिकृत